पोखराको अग्रणी शैक्षिक संस्था प्रतिभा मा.वि.ले यस वर्ष ८ सय ६४ विद्यार्थीलाई मात्र स्वागत गर्न सक्यो । एस.ई.ई. उत्तीर्ण गरी प्रतिभा मा.वि.को प्रवेशद्वारमा पुगेका कूल २८ सय २५ विद्यार्थीमध्ये ३० प्रतिशतले मात्र प्रतिभामा पढ्ने अवसर पाए । विद्यालयमा उपलब्ध भौतिक पूर्वाधारले धान्ने जति विद्यार्थी मात्र लिन सकिएको विद्यालयले जनाएको छ ।

म्यानेजमेन्ट र होटल म्यानेजमेन्ट पढ्नका लागि आवेदन दिएका १३ सय ७२ जनामध्ये ५ सय १२ जनाले मात्रै प्रतिभामा पढ्न पाएका छन् । यस्तै, विज्ञान सङ्कायमा पढ्न आवेदन दिने १४ सय ५३ मध्ये ३ सय ५२ जनालाई मात्र प्रतिभाको ढोका खुलेको छ ।

यी विद्यार्थीहरूलाई कक्षा १२ का विद्यार्थीले स्वागत गरे । प्रतिभा मा.वि.ले पोखराको सभागृहको हल २ दिनसम्म लिएर पहिलो दिन शुक्रबार व्यवस्थापन सङ्काय र दोस्रो दिन शनिबार विज्ञान सङ्कायमा भर्ना हुने विद्यार्थीलाई स्वागत गरेको हो ।

शनिबार नै प्रतिभामा जोडिएका सर्वोत्कृष्ट विद्यार्थीहरूलाई सम्मान पनि गरेको छ । गण्डकीमा यस वर्ष एस.ई.ई.मा ४ जिपिए ल्याउने ३ जनामा २ जनाको रोजाइ प्रतिभा नै बनेको छ । डिज्निल्याण्ड एकेडेमीकी रितिका पोखरेल र बालमन्दिर, लुम्लेका अभिषेक न्यौपानेले प्रतिभा छाने । साविक धौलागिरी प्रथम बब्लु शाह र तनहुँका टपर डेककुमार श्रेष्ठले पनि प्रतिभा नै चयन गरेका छन् । यी चार जनालाई प्रतिभाले विशेष सम्मान तथा स्वागत गरेको छ ।

प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य, विद्यालय सञ्चालक समिति अध्यक्ष नारायण पौडेल, प्रबन्ध निर्देशक बलबहादुर थापा, निर्देशक किरण सापकोटा, प्राचार्य विश्वगोपाल पराजुली लगायतले सम्मान गरे ।

पोखराका मेयर धनराज आचार्यले उत्कृष्टहरूको रोजाइ प्रतिभा मा.वि. बनेकाले पोखरामा प्रतिभा मा.वि. कास्कीकै उत्कृष्ट विद्यालय रहेको बताए । उनले विद्यार्थीहरूलाई अभिभावकप्रति नतमस्तक हुनुपर्ने, समय चिन्नुपर्ने, इच्छाएको विषयमात्र पढ्नुपर्ने, हिजोको शिक्षण सिकाइ र आजकोमा फरक रहेको लगायतका सुझाव दिए ।

घोकेर पढेर मात्र नहुने भन्दै उनले विद्यार्थीमा स्टुडेन्ट कल्चर चाहिने बताए । सबै मिलेर पोखरा बनाउनुपर्ने भन्दै उनले विद्यार्थीलाई महानगरको सिम्बोल अफ पोखरामा सहभागीता जनाउन पनि अनुरोध गरे ।

**थप तस्बिरहरू हेर्नका लागि स्क्यान गर्नुहोस् ।**

## Achievements in Series!



Out of 36 participating teams, **Team PRATIVA (Mr. Abhisekh K.C & Mr. Bibek Poudel: Grade XI E Science)** has paved its way for the National Level FINAL Round of the BE/IT National Quiz Contest securing FIRST RUNNER UP Position. Congratulations for this outstanding achievement & best wishes for the final.

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरूको रोजाइ: प्रतिभा मा.वि.

उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2 - SCIENCE - MANAGEMENT - HOTEL MANAGEMENT
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18859/0

पोखराको शैक्षिक सान: प्रतिभा मा.वि.

## विद्यार्थीको रोजाइमा पोखराको प्रतिभा मा.वि., वर्षेनी उत्कृष्ट नतिजा

आर्थिक आवाजद्वारा २०७९ श्रावण १३ गते शुक्रबार प्रकाशित




पोखरा । पोखरा महानगरको पालिखेचोकमा अवस्थित प्रतिभा माध्यमिक विद्यालय एक प्रतिष्ठित शिक्षा प्रदायक संस्था हो । गुणस्तरीय शिक्षाको खोजीमा रहेका विद्यार्थीका लागि उत्कृष्ट गन्तव्य बन्न सफल प्रतिभा माध्यमिक विद्यालय पोखराको पालिखेचोकमा अत्याधुनिक तथा सुविधा सम्पन्न भवनमा सञ्चालित छ । प्रतिभा मा.वि. २०४३ सालदेखि सञ्चालनमा आएको हो । ३४ वर्षदेखि निरन्तर सञ्चालित प्रतिभा मा.वि. आइएसओ सर्टिफाइड विद्यालय हो । पोखराका दक्ष तथा अनुभवी शिक्षक तथा प्राध्यापकहरूको पहलमा खुलेको प्रतिभा देशभरिकै उत्कृष्ट विद्यालयमध्येमा पर्न सफल छ ।

विद्यालयले समयसापेक्ष विधि तथा उच्चतम प्रविधिको प्रयोग गरी अध्ययन अध्यापन गर्दै आएको अध्यक्ष नारायण पौडेल बताउँछन् । 'शिक्षण सिकाइमा विद्यार्थीमैत्री विधि तथा प्रविधिको प्रयोग गर्छौं,' उनले भने ।

२०६० सालबाट प्लस टु मा म्यानेजमेन्ट पढाइ सुरु गरेको प्रतिभाले २०६८ सालमा विज्ञान सङ्काय पनि थप गर्यो । प्रतिभामा विज्ञान र व्यवस्थापनसहित होटल व्यवस्थापन विषयको अध्ययन हुँदै आइरहेको छ । शिक्षकको कामप्रतिको लगनशीलता तथा विद्यार्थीको मिहिनेतका कारण विद्यालय उत्कृष्ट बन्न सफल भएको अध्यक्ष पौडेलको विश्वास छ । 'स्कुलले उत्कृष्ट परिणामका साथ सफलतापूर्वक प्लस टु का एक दर्जनभन्दा बढी ब्याचहरू उत्पादन गरेको छ,' उनले भने, 'विद्यार्थी हरेक क्षेत्रमा उत्कृष्ट बनेका छन् ।' जेहेन्दार तथा विपन्न विद्यार्थीका लागि विभिन्न छात्रवृत्ति पनि विद्यालयले प्रदान गर्दै आइरहेको पौडेलले बताए ।

सामाजिक उत्तरदायित्व अन्तर्गत विद्यालयले नेपाली क्रिकेटका उदियमान नक्षत्र सन्दीप लामिछाने र नेपाली राष्ट्रिय महिला भलिबल टिमको क्याप्टेन अरुणा शाहीलाई १ लाख रूपैयाँसहित पुरस्कृत गरिसकेको छ । हरेक वर्ष प्रतिभा वर्ष पुरस्कार प्रदान गर्दै आइरहेको विद्यालयले काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्रा.डा. सुरेशराज शर्मालाई प्रतिभा विशेष व्यक्तित्व पुरस्कारसहित सम्मान गरिसकेको छ । कलेजले यसैवर्ष प्रतिभा विशेष व्यक्तित्व पुरस्कार अन्तर्गत प्रोफेसर डा. अभि सुवेदी र प्रतिभा युवा वर्ष पुरस्कार नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्व कप्तान ज्ञानेन्द्र मल्ललाई सम्मान गरेको छ । कलेजले विगतमा पनि यस्ता कार्यक्रम गर्दै आाएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने अध्यक्ष पौडेल बताउँछन् ।

गुणस्तरीय शिक्षामा समर्पित भएकै कारण विद्यालयले सधैँ उत्कृष्ट नजिता ल्याउन सफल भएको र विद्यार्थीको आकर्षण वर्षेनी बढिरहेको अध्यक्ष पौडेल बताउँछन् । 'राम्रो व्यवस्थापन, दक्ष एवं अनुभवी शिक्षक तथा शिक्षिकाहरूको आबद्धता, पारिवारिक वातावरणमा पठनपाठन लगायतका विशेषता प्रतिभामा छ,' पौडेल भन्छन् ।

शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकसँग सहकार्य गरेर शैक्षिक उपलब्धी र व्यक्तित्व विकासका लागि प्रभावकारी शैक्षिक वातावरणको माध्यमबाट विद्यालयमा पढाइ भइरहेको विद्यालयका प्राचार्य विश्व गोपाल पराजुली बताउँछन् । 'विद्यार्थीको व्यक्तिगत तथा शैक्षिक गुणस्तरमा ध्यान दिई देशको सच्चा नागरिक बनाउने उद्देश्य विद्यालयको छ,' पराजुली भन्छन्, 'आत्मकेन्द्रित नभई सामाजिक व्यक्ति बन्नुपर्छ भन्ने कुरा पनि विद्यार्थीलाई सिकाउँदै आएका छौँ ।' विद्यार्थीहरूको शैक्षिक व्यक्तित्व विकास गर्नुका साथै रचनात्मक बन्न प्रेरित गर्ने विद्यालयको उद्देश्य रहेको बताउँछन् पराजुली ।

लकडाउन तथा कोरोना महामारीको समयमा चुनौतीलाई अवसरमा बदल्दै विद्यालयले विद्यार्थीलाई डिजिटलाइज्ड कक्षाकोठाको अवधारणामा विद्यालयको आफ्नै एपमार्फत प्रभावकारी अनलाइन शिक्षा सञ्चालन गरेको थियो । विद्यालयले सधैँ समयसापेक्ष अध्ययन अध्यापनका कामलाई अगाडि बढाउँदै आएको पराजुली बताउँछन् ।

'उत्कृष्ट शैक्षिक गन्तव्य बन्न सफल प्रतिभामा अत्याधुनिक विज्ञान, कम्प्युटर, गणित, सामाजिक अध्ययन ल्याबसहित पुस्तकालय, सभाहल लगायत विद्यार्थीहरूको अध्ययन र वृत्ति विकासका लागि आवश्यक भौतिक पूर्वाधारको राम्रो व्यवस्था छ,' पराजुलीले भने, 'औपचारिक शिक्षासँगै विद्यार्थीलाई विभिन्न अतिरिक्त तथा रचनात्मक कार्यक्रम पनि विद्यालयमा हुने गरेका छन् ।' खेलकुदका गतिविधि पनि सञ्चालन हुन्छन् । 'अतिरिक्त क्रियाकलापअन्तर्गत उत्प्रेरणात्मक कार्यक्रमहरू निरन्तर हुन्छन्,' पराजुलीले भने । टाढाका विद्यार्थीलाई मध्यनजर गरी होस्टल पनि विद्यालयले सञ्चालन गरेको छ भने स्वच्छ तथा स्वस्थ खाना तथा खाजाका लागि क्यान्टिन पनि सञ्चालनमा रहेको पराजुलीले जानकारी दिए । 'संस्कार र आतमविश्वाससहित हामी गुणस्तरीय शिक्षालाई प्राथमिकतामा राख्छौँ,' उनले भने ।

कक्षा १२ को नतिजामा ३.९२ जिपिएसहित प्रतिभा विद्यालयका सुरती पाण्डे देशकै सर्वोत्कृष्ट विद्यार्थी बनेकी थिइन् । प्रतिभाका मेधावी छात्र जे.एन. मिलनले काठमाडौँ विश्वविद्यालयद्वारा लिइने एमविविएस परीक्षामा १ नम्बरमा नाम निकाली इतिहास रच्न सफल भएका थिए । प्रतिभाकै छात्रा सुमिना गुरुङ त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा पूर्ण छात्रवृत्तिमा एमविविएस अध्ययन गर्ने छात्रा बनिन् ।

कक्षा ११ बाट नै प्रि मेडिकल र इन्जिनियरिङको तयारी कक्षा सञ्चालन हुने पोखराको एक मात्र विद्यालय पनि हो प्रतिभा मा.वि. ।

प्रतिभाबाट १२ उत्तीर्ण गरेका विद्यार्थी कुशल लामिछानेले देशभरमा नै १८औँ स्थानमा एमबिबिएसको परीक्षा उत्तीर्ण र महिमा काफ्लेले बिएसी एजीमा छात्रातर्फ देशकै दोस्रो बनेर प्रतिभा स्कुलका विद्यार्थी सर्वोत्कृष्ट हुने क्रमलाई जारी राखेका छन् । यही वर्ष प्लस टु उत्तीर्ण विद्यार्थीमध्ये १२ जना सिए, ४४ जनाले बिबिए र अन्य दर्जनौँ विद्यार्थीले इन्जिनियरिङतर्फ छात्रबृत्ति प्राप्त गरेका छन् ।

गत वर्ष इन्जिनियरिङ, एग्रो, फरेस्टी लगायतका विषययहरूमा विद्यालयबाट पोखरा क्षेत्रबाट सबैभन्दा धेरै विद्यार्थीहरूले छात्रवृत्तिमा नाम निकाल्न सफल गराएर फेरि अर्को शैक्षिक इतिहास रच्न सफल भएको छ प्रतिभाले ।

पोखरामा धेरै विद्यार्थी अध्ययन गर्ने विद्यालय समेत प्रतिभा मा.वि. हो । कक्षा ११ र १२ मा मात्रै अहिले हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । विद्यालयले गरिब तथा जेहेन्दार विद्यार्थीलाई विशेष छात्रवृत्तिको व्यवस्थासमेत गरेको प्रवन्ध निर्देशक बलबहादुर थापाले बताए ।

**Thank you respected guardians for your wonderful presence and constructive suggestions. Some glimpses of interaction program with guardians!**




**CONGRATULATIONS TEAM PRATIVA:**
**Runner Up T20 Inter School Cricket Tournament**





*Congratulations!*

**Rustam Devkota**, our fresh +2 graduate for joining MBBS at Manipal Teaching Hospital with full scholarship.
Prativa family is proud of you and wishes success in your every future endeavour.

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरूको रोजाइः प्रतिभा मा.वि.

उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2 - SCIENCE - MANAGEMENT - HOTEL MANAGEMENT
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18859/0

पोखराको शैक्षिक सानः प्रतिभा मा.वि.

# नेपालकै लोकप्रिय राष्ट्रिय पत्रिका "नेपाल साप्ताहिक" मा फेरि पनि प्रतिभा माध्यमिक विद्यालय

## सर्वोत्कृष्ट विद्यार्थीको रोजाइः प्रतिभा मा.वि.: पोखराको शैक्षिक सान

देशको शैक्षिक राजधानी, सुन्दर पर्यटकीय नगरी पोखरामा विशिष्ट शैक्षिक प्रतिष्ठानमा कार्यरत दक्ष तथा अनुभवी शिक्षकहरूद्वारा सञ्चालित उत्कृष्टताको परिचायक प्रतिभा मा.वि. गौरवपूर्ण वर्तमानसहित शैक्षिक क्षेत्रको उल्लेख्य नाम हो ।

चुस्त र सङ्गठित व्यवस्थापनसहित पोखराको एक मात्र ISO 9001 - 2015 गुणस्तर प्रमाण-पत्रप्राप्त गरेको प्रतिभा मा.वि. पोखरामा सबैभन्दा धेरै विद्यार्थीको रोजाइमा पर्न सफल छ । विज्ञान, व्यवस्थापन र होटल व्यवस्थापन पढाइ हुने यस विद्यालयमा गत शैक्षिक सत्रको प्रवेश परीक्षामा २२ सय ८ विद्यार्थी सहभागी थिए ।

किशोर अवस्थाका विद्यार्थीहरूको स्वभाव र मनोविज्ञानलाई बुझेर उनीहरूको सर्वाङ्गीण विकासलाई ध्यानमा राखेर पढाउनु विद्यालयको अर्को विशेषता हो । 'सहभागी अभिभावक, अभिभावकलाई सधैँ स्वागत गर्ने विद्यालय र प्रशंसनीय दृष्टिकोणमार्फत् विद्यार्थीहरूले सफलता प्राप्त गर्दछन्' भन्ने मान्यतासहित 'शिक्षा, अनुशासन र उत्कृष्टता' को मूल मन्त्र बोकेको यो विद्यालय पोखराको कक्षा ११ र १२ मा सबैभन्दा धेरै विद्यार्थीहरूले अध्ययन गर्ने विद्यालयको रूपमा स्थापित छ । सर्वोत्कृष्ट नतिजासहित शैक्षिक, खेलकुद र अन्य अतिरिक्त विधामा अब्बल विद्यार्थीहरू रहेका यस विद्यालयमा हाल कक्षा ११ र १२ विज्ञान र व्यवस्थापन सङ्कायमा १ हजार ६ जना अध्ययनरत छन् । अभिभावक र विद्यार्थीहरूको विशेष रोजाइ बनेको यस विद्यालयले सुविधा सम्पन्न ल्याबसहित होटल म्यानेजमेन्ट विषय अध्यापन गराइरहेको छ ।

राम्रो शिक्षाका लागि राम्रै भौतिक पूर्वाधार चाहिन्छ । त्यसैले किशोरावस्थाको मनोविज्ञानमा आधारित भएर लक्षित कार्यक्रमहरू गर्न प्रतिभा मा.वि.ले अत्याधुनिक पूर्वाधार खडा गरेको छ । सभाहल, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याब, होटल म्यानेजमेन्ट ल्याब, ईलाइब्रेरीसहित शान्त र मनोरम वातावरणमा कक्षा ११ र १२ को पढाइ हुने प्रतिभा मा.वि. विद्यार्थीहरूको रोजाइमा परेको पोखराको एक मात्र विद्यालय हो ।

MBBS / BE पढ्न चाहने विद्यार्थीहरूका लागि कक्षा ११ बाटै पूर्व तयारी कक्षाको व्यवस्था गरी हरेक महिनाको अन्तिम शनिवार MCQS परीक्षा सञ्चालन गरिने यो विद्यालयका मेधावी छात्र जेएन मिलनले एउटा स्वर्णिम इतिहास रच्न सफल भएका छन् । उनी काठमाडौँ विश्वविद्यालयद्वारा ३० भाद्र ०७५ मा सञ्चालित MBBS प्रवेश परीक्षामा कुल ९२ अङ्कसहित देशैभरिबाट एक नम्बर मा नाम निकाली पूर्ण छात्रवृत्तिमा अध्ययनरत छन् । यो प्रतिभा मा.वि. र गण्डकी प्रदेशकै खुसी र गौरवको विषय हो । यस विद्यालयका अन्य धेरै विद्यार्थीहरूले इन्जिनियरिङ, कृषि, वनविज्ञान, नर्सिङलगायतका विषयमा पूर्ण छात्रवृत्तिमा अध्ययनको अवसर प्राप्त गरेका छन् । त्यसैगरी व्यवस्थापन सङ्कायका विद्यार्थीहरूलाई महिनाको तेस्रो शनिवार CMAT सञ्चालन गरिने हुँदा विद्यार्थीहरूले CA, BBA जस्ता विषयहरूको अध्ययनमा छात्रवृत्तिसहित उच्चतम सफलता प्राप्त गरेका छन् । विद्यालयले विद्यार्थीहरूको पढाइ, मूल्याङ्कनको विशिष्ट पद्धतिसमेत बसालेको छ । निश्चित अवधिको परीक्षा मात्र होइन, निरन्तर मूल्याङ्कन गर्छ प्रतिभाले । विद्यालयले एकाइ र त्रैमासिक परीक्षामा सफलता प्राप्त नगरुन्जेल निरन्तर परीक्षाको व्यवस्थासमेत र ाखेको छ । सकारात्मक पृष्ठपोषणसहित विद्यार्थीका सबलताहरू र सुधार गर्नुपर्ने क्षेत्रको पहिचान गर्दा विद्यार्थीहरू शैक्षिक सफलता उन्मुख हुने वातावरण निर्माण हुने विद्यालयको जिकिर छ ।

विद्यार्थीहरूमा आत्मविश्वास र संस्कार जोड्ने गरी व्यावहारिक शिक्षा प्रदान गरिने यस विद्यालयले कार्ययोजनामा आधारित श्रव्यदृश्य माध्यमद्वारा पठनपाठनलाई पछिल्लो प्रविधिसँग समेत जोडेको छ । गुणस्तरीय पढाइ हुने भएकै कारण प्रतिभा मा.वि. उत्कृष्टताको परिचायक बनेको छ । गतवर्षको बोर्ड परीक्षामा यस विद्यालयका विज्ञान सङ्कायका छात्रा लिना तिलिजा र सराहना श्रेष्ठ तथा व्यवस्थापनतर्फ प्रशान्त पौडेल र श्रुति पाण्डेले जिल्लामै सर्वोत्कृष्ट नतिजा प्राप्त गर्न सफल भएका छन् । यसै वर्ष विद्यालयका लागि अर्को सुखद अनुभव डिसेम्बर १८, ०१८ मा दुबईमा सम्पन्न अन्तर्राष्ट्रिय स्कुल अवार्डमा यो विद्यालय Teaching Excellence Award सहित विभूषित हुनु पनि हो । पोखराको केन्द्र, महेन्द्रपुल नजिकैको पालिखे चोक (श्रीपति कोइराला गुठी) मा शान्त र मनोरम वातावरणमा अवस्थित प्रतिभा मा.वि. पढाइमा मात्र होइन, खेलकुद र अतिरिक्त क्रियाकलापमासमेत अब्बल छ । विद्यालय छात्र बास्केटबलतर्फ हिसान स्पोर्ट मिटमा दुई पटक तेस्रो र मनकामना आवासीय मा.वि.का पूर्वविद्यार्थीहरूद्वारा आयोजित खुला बास्केटबल प्रतियोगितामा प्रथम हुन सफल भएको छ ।

त्यसैगरी अन्तरमा.वि. क्रिकेट प्रतियोगितामा दोस्रो हुन सफल भएको छ । विद्यालयको वार्षिक खेलकुद कार्यक्रम सामान्य प्रतियोगिता मात्र नभई एउटा भव्य महोत्सव बन्ने गर्दछ । यसबाहेक विभिन्न अतिरिक्त क्रियाकलापहरूमा समेत विद्यालयले श्रेष्ठता हासिल गरेको छ । विद्यालयमा गठन गरिएका विभिन्न क्लबहरू मार्फत विद्यालयले सामाजिक कार्य सँगसँगै युवा विकास कार्यक्रमअन्तर्गत नेतृत्व विकास, तालिम, करियर काउन्सिलिङ र निरन्तर उत्प्रेरणात्मक कार्यक्रमहरू सञ्चालन गर्दै विद्यार्थीहरूको व्यक्तित्व विकासमा सहयोग पुर्‍याउँदै आएको छ । सामाजिक उत्तरदायित्व अन्तर्गत यस विद्यालयले नेपाली क्रिकेट क्षेत्रमा उदीयमान नक्षत्र सन्दीप लामिछाने र सगरमाथा आरोहण गने ' पहिलो एचआईभी सङ्क्रमित गोपाल श्रेष्ठलाई सम्मानसहित आर्थिक सहयोग गरेको छ भने गरिब जेहेन्दार र विभिन्न विधामा उत्कृष्ट विद्यार्थीहरूलाई विशेष छात्रवृत्तिको समेत व्यवस्था गरेको छ । ■



# प्रतिभा मा.वि.मा सिमसार सम्बन्धी चित्रकला प्रदर्शनी

एभरेस्ट आवाजद्वारा १९ माघ २०७९ मा प्रकाशित




विश्व सिमसार दिवसको अवसर पारेर यहाँस्थित प्रतिभा माध्यमिक विद्यालयमा एक दिने चित्रकला प्रदर्शनी आयोजना गरिएको छ । विद्यालयको आयोजनमा भएको उक्त प्रदर्शनीमा विद्यार्थीले सिमसार क्षेत्रबारे केन्द्रित रहेर कोरेका चित्र प्रदर्शनीमा राखिएको थियो । विद्यार्थीले सिमसार क्षेत्र र यसको संरक्षणबारे जानकारी दिने गरी चित्र कोरेका थिए । त्यसबाहेक प्रदर्शनमा नमुना सिमसार क्षेत्रको पनि प्रदर्शनी गरिएको थियो ।

विद्यालयमा कक्षा ११ मा अध्ययनरत विज्ञान सङ्कायतर्फका जीव विज्ञान विषयका विद्यार्थीले सिमसार क्षेत्र र यसको महत्त्वबारे चित्र कोरेका थिए । विद्यार्थीले कोरेको चित्र विद्यालय परिसरमा प्रदर्शनमा राखिएको थियो । प्रदर्शनीमा जम्मा ५४ वटा चित्र प्रदर्शनमा राखिएको प्रतिभा मा.वि.का जीव विज्ञान विषयका शिक्षक हेमन्त ढकालले बताए । उनका अनुसार सिमसार र संरक्षणको अवस्थाबारे विद्यार्थीलाई जानकारी दिलाउन आवश्यक भएकोले प्रदर्शनमा राखिएको हो ।

'पछिल्लो पुस्तालाई सिमसारको महत्त्व र संरक्षणबारे उत्तिसारो ज्ञान छैन । सिमसार क्षेत्रको महत्त्वबारे भावी पुस्ताले पनि थाहा पाउनुपर्छ,' उनले भने, 'सिमसार पूर्नस्थापनामा अबको पुस्ताको भूमिका रहनेछ ।' सिमसार संरक्षणका लागि मानव समुदायका हरेक गतिविधि प्रकृतिप्रेमी बन्नुपर्ने ढकालले बताए । हरेक वर्ष फ्रेबुअरी २ तारिखमा विश्व सिमसार दिवस मनाइन्छ । यो वर्षको सिमसार दिवसको नारा 'आजको आवश्यकताः सिमसारको पुर्नस्थापना' रहेको छ ।

प्रमुख अतिथि विद्यालयका प्राचार्य किरण सापकोटाले कार्यक्रमको उद्घाटन गरेका थिए । सापकोटाले सिमसारका क्षेत्रमा देखिएका समस्याले गर्दा सबैतिर चिन्ता छाइरहेको बताए । 'सिमसार क्षेत्र प्रति संवेदनशील हुने बेला भएको छ । सिमसार क्षेत्रको महत्त्व बुझाउन नसक्दा सबै तिरबाट अतिक्रमण भइरहेको छ,' उनले भने, 'सिमसारप्रति मानवको घनिष्ट सम्बन्ध रहेकोले यसको संरक्षण गर्न आवश्यक छ ।' प्रतिभा मा.वि.ले सिमसार दिवसको अवसर पारेर पहिलो पटक यो कार्यक्रम आयोजना गरेको र आगामी दिनमा पनि यस्ता गतिविधिलाई प्राथमिकता दिँदै जाने सापकोटाले बताए । कार्यक्रममा सिमसार क्षेत्रको इतिहासको बारेमा कक्षा ११ का प्रतीक ढकाल र सिमसार क्षेत्रको महत्त्वको बारेमा कविन्द्र आचार्यले प्रस्तुती राखेका थिए । कार्यक्रम कक्षा ११ का जीव विज्ञान समूहका विद्यार्थीले नै संयोजन गरेका थिए । कार्यक्रमको सभापतित्व सिद्धान्त खनालले गरेका थिए ।

**थप तस्बिरहरू हेर्नका लागि स्क्यान गर्नुहोस् ।**

# प्रतिभाका विद्यार्थी, शिक्षक र कर्मचारीलाई मणिपाल अस्पतालमा छुट

एभरेस्ट आवाजद्वारा २५ माघ २०७९ मा प्रकाशित




पोखराको प्रतिभा मा.वि. र मणिपाल शिक्षण अस्पतालबिच स्वास्थ्य परीक्षण गराउँदा छुट दिनेबारे सम्झौता भएको छ । सम्झौता अनुसार अस्पतालले प्रतिभाका विद्यार्थी, शिक्षक र कर्मचारीलाई स्वास्थ्य परीक्षण गराउँदा विभिन्न क्षेत्रमा छुट दिनेछ । प्रतिभाका प्राचार्य किरण सापकोटाका अनुसार दर्तामा शतप्रतिशत, जनरल बेडमा २५ प्रतिशत, नियमित जाँचमा १५ प्रतिशत, न्यूरो सर्जरी तथा अति विशिष्ट सेवाबाहेक अन्य शल्य चिकित्सामा १० प्रतिशत तथा विशेष अनुसन्धानमा १० प्रतिशतसम्म छुट दिने सम्झौता भएको छ । चिकित्सकको परामर्शमा भने कुनै शुल्क नलाग्ने पनि सम्झौतमा उल्लेख छ ।

विद्यालयका प्राचार्य सापकोटा र अस्पतालका प्रमुख प्रशासकीय अधिकृत (सिइओ) अनिल ओड्रूविलबिच बुधबार यो सहमति भएको हो । सापकोटाले सम्झौताले विद्यालयका मन्टेश्वरीदेखि १२ कक्षासम्मका विद्यार्थी, शिक्षक, कर्मचारीलाई स्वास्थ्य सेवामा लाभ पुग्ने बताए । 'विद्यालयले प्रमाणित गरेर पठाएपछि अस्पतालले सम्झौताबमोजिम तोकिएको छुट उपलब्ध गराउनेछ । त्यसले विद्यार्थी, शिक्षक र कर्मचारीलाई केही राहत हुनेछ,' उनले भने, 'यो सम्झौताले स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन सघाउनेछ ।' विद्यालयमा मन्टेश्वरीदेखि १२ कक्षासम्म अध्यापन हुन्छ ।

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरूको रोजाइः प्रतिभा मा.वि.

उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2 - SCIENCE - MANAGEMENT - HOTEL MANAGEMENT

पोखराको शैक्षिक सानः प्रतिभा मा.वि.

## प्रतिभा प्रस्फुटन गर्न प्रतिभा मा.वि.मा विज्ञान प्रदर्शनी

आदर्श समाज राष्ट्रिय दैनिकद्वारा २५ माघ २०७९ मा प्रकाशित




पोखरा नदीपुरमा रहेको प्रतिभा मा.वि.ले विद्यार्थीमा भएको क्षमता प्रस्फुटन गराउन एकदिने विज्ञान प्रदर्शनी गरेको छ । कक्षा ८ देखि १२ कक्षासम्मका विद्यार्थीले यो प्रदर्शनीमा भाग लिएका छन् । ११ र १२ कक्षाका भने विज्ञान विषयका विद्यार्थी प्रदर्शनीमा सहभागी थिए ।

विद्यालयका निर्देशक किरण सापकोटाका अनुसार विद्यार्थीमा रहेको सिर्जनशीलता प्रस्तुत गराउन प्रदर्शनी आयोजना गरिएको हो । प्रदर्शनीमा विद्यार्थी आफैँले बनाएका विज्ञान सामाग्री प्रस्तुत गरेका थिए । विद्यार्थीले बनाएका विभिन्न उपकरण उक्त प्रदर्शनीमा प्रस्तुत गरेका थिए । विद्यार्थीले आफ्नै खर्चमा ती सामान बनाएका हुन् । ६२ समूहले विज्ञानका ती सामाग्री प्रर्दशनीमा राखेका थिए।




सापकोटाका अनुसार दसैँ-तिहारको लामो बिदामा गृहकार्य मात्र नदिएर विद्यार्थीलाई सिर्जनशील बनाउनका लागि विज्ञानका विभिन्न शैक्षिक सामाग्री बनाउन प्रोत्साहन गरेको बताए । 'किताबी गृहकार्य मात्र दिएर बोझ बोकाउनु हुँदैन । विद्यार्थीमा भएका आन्तरिक क्षमता पनि बाहिर ल्याउनुपर्छ,' सापकोटाले भने, 'विद्यार्थीमा रहेको ज्ञान र आन्तरिक क्षमता बाहिर ल्याउन शैक्षिक संस्थाको पनि दायित्व हो ।'

प्रदर्शनीको गण्डकी विश्वविद्यालयका कुलपति प्राडा गणेशमान गुरुङले उद्घाटन गरेका थिए । लामो समयदेखि शिक्षणसंस्थामा रहेर काम गरेको अनुभव साट्दै कुलपति गुरुङले विद्यार्थीलाई अध्ययन अनुसन्धानमा लाग्नुपर्ने बताए । 'विद्यार्थीले आफूभित्र लुकेको प्रतिभालाई प्रस्फुटन गराउनुपर्छ । अन्तरनिहित ज्ञानलाई भित्र लुकाएर राख्ने होइन,' उनले भने ।




प्रतिभा एजुकेसन फाउन्डेसनका अध्यक्ष नारायणप्रसाद पौडेलले यस्ता विज्ञान प्रदर्शनीले विद्यार्थीलाई नयाँ कुरा सिक्ने अवसर दिलाउने बताए । 'यो एउटा खोज पनि हो । विद्यार्थीले आफूभित्र लुकेको कुरालाई बाहिर ल्याउनुपर्छ । नयाँ कुरा सिक्नमा सधैँ चासो दिनुपर्छ,' पौडेलले भने, 'यो मिहिनेतलाई आगामी दिनमा निरन्तरता दिनपर्छ । परिश्रम गर्नबाट कहिल्यै पछाडि हट्नुहुँदैन ।'

प्रदर्शनीमा सहभागी भएका विद्यार्थीको समूहबाट उत्कृष्ट समूहलाई पुरस्कृत गरिने निर्देशक सापकोटाले जानकारी दिए । सापकोटाका अनुसार हरेक समूहमा ३ जना विद्यार्थी सहभागी छन् । उनीहरूले विज्ञानसँग सम्बन्धित विभिन्न शैक्षिक सामाग्री निर्माण गरेका छन् । उत्कृष्टमध्ये प्रथम हुने समूहले २० हजार रूपैयाँ नगद पुरस्कार पाउनेछ । दोश्रो समूहले १५ र तेस्रो तथा चौथो समूहले ७ हजार ५ सय रूपैयाँका दरले नगद पुरस्कारसहित प्रमाणपत्र पाउनेछन् ।

कार्यक्रममा सहभागी विश्वविद्यालय पदाधिकारीसहितका पाहुनाले विद्यार्थीले बनाएका सामाग्रीको अवलोकन गर्दै आवश्यक जानकारी पनि लिएका थिए । विद्यालयले ११ र १२ कक्षाका व्यवस्थापन विषयका विद्यार्थीका लागि शनिबार 'व्यावसायिक योजना' बारेको प्रस्तुति राखेको छ । यसमा ११ र १२ कक्षाका विद्यार्थीले एकअर्काबीच आफूले बनाएको व्यावसायिक योजना प्रस्तुत गर्नेछन् ।

**थप तस्बिरहरू हेर्नका लागि स्क्यान गर्नुहोस् ।**

## उत्कृष्ट 'बिजनेस प्लान' लाई प्रतिभा मा.वि.ले व्यवसाय गर्न 'बिउपुँजी' दिने

नागरिक दैनिकद्वारा २६ कार्तिक २०७९ मा प्रकाशित

यहाँ व्यवसाय थाल्दाका झन्झट कस्ता हुन्छन् ? आर्थिक रूपमा तयारी कसरी गर्ने, कस्तो व्यवसाय गर्ने ? व्यवसायमा सफलता र असफलता हात पार्दा के गर्ने ? यस्तै समस्या हुन्छन् जो कोहीलाई नयाँ व्यवसाय थाल्दा । नयाँ व्यवसायमा आइपर्न सक्ने यस्तै चुनौती र अवसरबारे ज्ञान आदानप्रदान गर्न यहाँको पालिखेचोकस्थित प्रतिभा मा.वि.ले शनिबार 'व्यावसायिक योजना' बारे विद्यार्थीमाझ अनुभव साटासाट गराएको छ ।

विद्यालयका निर्देशक किरण सापकोटाका अनुसार दसैँ-तिहारको एकमहिने विदामा विद्यार्थीलाई आफूले जानेको र बुझेको 'बिजनेस प्लान' बारे तयार गर्न लगाइएको थियो। कक्षा ११ र १२ मा अध्ययनरत व्यवस्थापन र होटल व्यवस्थापन विषयका विद्यार्थीले बिदाको बेला तयार पारेको बिजनेस प्लानलाई शनिबार प्रतिस्पर्धात्मक रूपमा प्रस्तुत गरेका थिए।




व्यक्तिगत रूपमा विद्यार्थीले तयार पारेको उक्त प्लानमध्ये प्रथम हुने लाई १५ हजार, दोस्रोलाई १० हजार र तेस्रो र चौथोलाई जनही ५ हजार रूपैयाँका दरले पुरस्कृत गरिने सापकोटाले बताए। '११ र १२ कक्षाको तहमा पहिलो पटक यो योजना तयार पार्न लगाएका हौँ । स्नातक र स्नातकोत्तर तहमा धेरै शिक्षण संस्थाले विद्यार्थीलाई बिजनेस प्लान गर्न लगाउँछन्,' सापकोटाले भने, 'तर, प्रतिभाले ११ कक्षादेखिका विद्यार्थीलाई यो काममा संलग्न गराएको छ । सानैदेखि व्यावसायिक क्षेत्रको महत्त्व बुझाउन यो कार्यक्रम प्रभावकारी हुने ठानेका छौँ ।'

सापकोटाका अनुसार विद्यार्थीले प्रस्तुत गरेको मध्ये प्रथम हुने विजनेस प्लानलाई विद्यार्थीले साच्चै व्यावसायिकता दिएमा विद्यालयले आर्थिक सहयोग गर्नेछ । 'अहिले प्रस्तुत गरेको बिजनेस प्लानलाई साच्चै व्यावसायिकता दिने र आर्थिक रूपमा अवस्था कमजोर भए विद्यालयले बिउ पुँजीको रूपमा पाँचलाख रूपैयाँ सहयोग गर्नेछ,' सापकोटाले भने, 'आर्थिक रूपमा व्यवसाय गर्नबाट कोही पनि पछाडि हट्नु नपरोस भनेर यो सहयोग घोषणा गरिएको हो।'




विद्यालयले दिएको बिउ पुँजी बापतको पाँचलाख रूपैयाँ बिना ब्याज पाँचवर्षपछि विद्यालयलाई फिर्ता गर्नुपर्नेछ । 'बिना ब्याज पाँचलाख रूपैयाँ दिँदा व्यवसाय गर्नेलाई पनि सहज होस् भन्ने हो,' उनले भने, 'आर्थिक समस्याको भार कम परोस् भन्ने चाहेका हौँ ।' त्यसबाहेक आवश्यक परेमा विद्यालयले अरु लगानीकर्ता खोज्न पनि सघाउने उनले बताए। त्यसबाहेक विद्यार्थीले तयार पारेको बिजनेस प्लानलाई बेच्न चाहेमा पनि विद्यालयले सघाउने सापकोटाले बताए । बिक्री भएको बिजनेस प्लानको कपिराइट भने विद्यार्थीकै हुनेछ।

प्रतिस्पर्धा सुरु हुनुअघि आयोजित कार्यक्रममा प्रमुख अतिथि सेलवेज ग्रुपका अध्यक्ष सुशीलमान प्रधानाङ्गले व्यवसायमा अनुसन्धान, पारदर्शिता, लक्ष्य हुनुपर्ने बताए। कुनैपनि व्यवसाय सफल हुनका लागि व्यवसायीले योजना बनाउनुपर्ने उनले बताए । तीन दशक अघि आफूले सानो आकारको कपडा पसलबाट थालेको व्यवसायले अहिले ठुलो आकार लिएको अनुभव सुनाउँदै प्रधानाङ्गले भने, 'आफूलाई अनुकुल हुने गरी व्यवसाय गर्ने हो । कतै कमजोरी भइहालेमा पनि सुधार्न सकिन्छ ।' यो समूहले अहिले डिपार्टमेन्टल स्टोर सञ्चालन गरेको छ।

प्रतिभा एजुकेसन फाउन्डेसनका अध्यक्ष नारायण पौडेलले व्यवसाय थाल्दा बीच बीचमा बाधा अवरोध आए पनि अघि बढ्ने सोच राख्नुपर्ने बताए । 'बेलैमा सोच गरेर व्यवसाय थाल्ने हो भने दीर्घकालीन हुन सक्छ। त्यसको लागि विद्यार्थीले अहिले नै सोच्नुपर्छ,' पौडेलले भने, 'योजना नै अघि बढ्ने बाटो हो। आफ्ना योजनामा अवरोध आए पनि चिर्न सक्नुपर्छ ।' 'उद्यमी बन्नका लागि इच्छाशक्ति चाहिन्छ । त्यसको यात्रा बेलैमा थाल्नुपर्छ,' उनले भने ।

थप तस्बिरहरू हेर्नका लागि स्क्यान गर्नुहोस् ।

## प्रतिभा मा.वि.मा 'फुड फेस्टिभल'

एभरेस्ट आवाजद्वारा १७ पौष २०७९ मा प्रकाशित



पोखरामा यतिबेला धेरै महोत्सव चलिरहेका छन् । औद्योगिक ब्यापार मेलादेखि सुन्तला महोत्सव हुँदै सडक महोत्सव यहाँ मेलाको रूपमा चल्ने नियमित गतिविधि हुन् । यिनै महोत्सवमा मिसिन आएको छ 'प्रतिभा फुड फेस्टिभल' । अरु सबै महोत्सव खुला रूपमा चलिरहँदा प्रतिभा फुड फेस्टिभल भने विद्यालय परिसरमा सञ्चालन गरिएको छ ।

पोखराको पालिखेचोकस्थित प्रतिभा मा.वि.ले विद्यार्थीको क्षमता प्रस्तुत गराउने उद्देश्यसहित पहिलो पटक 'प्रतिभा फुड फेस्टिभल' आयोजना गरेको हो । आइतबार एकदिनका लागि आयोजना गरिएको यो फेस्टिभलको हिसान कास्कीका अध्यक्ष यामबहादुर रोकाले उद्घाटन गरे ।

विद्यालयका निर्देशक किरण सापकोटाका अनुसार पहिलो पटक फुड फेस्टिभल आयोजना गरिएको हो । कक्षा ११ र १२ मा होटल व्यवस्थापन विषय अध्ययनरत विद्यार्थीले व्यवस्थापनमा फुड फेस्टिभल आयोजना गरिएको थियो । 'विद्यार्थीलाई व्यावसायिक सिप सिकाउने र इभेन्ट व्यवस्थापन गर्ने तरिकाबारे ज्ञान दिलाउन यो कार्यक्रम आयोजना गरिएको हो,' सापकोटाले भने, 'विद्यार्थी आफैँले विभिन्न परिकार बनाउने र पाहुनाका लागि पस्किने अभ्यास गर्न पाउँदा विद्यार्थीमा आत्मविश्वास बढ्छ ।'

व्यावहारिक शिक्षाको विकसित रूपमा प्रतिभा फुड फेस्टिभल आयोजना गरिएको निर्देशक सापकोटाले बताए । 'विद्यार्थीले नियमित अध्ययनको क्रममा विद्यालयमा अभ्यास गरेका हुन्छन् । तर व्यवहार मा लागु भएको हुँदैन । यस्तो फेस्टिभलले कम्तीमा विद्यार्थीको आत्मविश्वास बढ्ने ठानेका छौँ,' उनले भने । पोखरामा यतिबेला सडक महोत्सव चलिरहेको र त्यो महोत्सवले खानालाई महत्त्व दिइरहेकोमा प्रतिभाले पनि सामाजिक उत्तरदायित्वअन्तर्गत यो कार्यक्रम आयोजना गरेको उनले बताए । विद्यालयले यसअघि विज्ञान प्रदर्शनी र बिजनेस प्लानका प्रस्तुतिका कार्यक्रम गरिसकेको छ ।

विद्यालय अध्यक्ष नारायण पौडेलले विद्यार्थीमा भएको क्षमता बाहिर ल्याउन यस्ता कार्यक्रम नियमित रूपमा गर्नुपर्ने बताए । विद्यार्थीले पाठ्यपुस्तकको ज्ञानबाहेक बाहिरी ज्ञान पनि खोजी गर्ने क्रममा यस्ता कार्यक्रम प्रभावकारी बन्ने उनले बताए । 'विद्यार्थीलाई व्यावहारिक ज्ञान दिलाउन यस्ता फेस्टिभल महत्त्वपूर्ण हुन्छन,' उनले भने ।

प्रमुख अतिथि हिसान कास्कीका अध्यक्ष रोकाले विद्यार्थीलाई व्यावहारिक शिक्षाको खाँचो रहेको बेला यस्ता प्रयोगात्मक अभ्यास निकै नै प्रभावकारी हुने बताए । 'विद्यार्थीले राख्ने क्षमता पनि यस्ता कार्यक्रममा देख्न सकिन्छ । विद्यार्थीभित्र लुकेको क्षमता प्रस्ट्याउन यस्ता गतिविधिले निरन्तरता पाउनुपर्छ,' रोकाले भने, 'यस्ता अभ्यासमूलक कार्यक्रमले विद्यार्थीमा आत्मबल बढाउँछ ।' नियमित सिकाइ बाहेक प्रयोगात्मक यस्ता अभ्यासले विद्यार्थीमा जोस जाँगर पनि पलाउने रोकाले बताए ।

कक्षा ११ र १२ का विद्यार्थीले त्यो अवसरमा विभिन्न परिकार बनाएका थिए । विद्यार्थी आफैँले पकाएको परिकार पाहुनाको रूपमा रहेका अरु सहभागीलाई खुवाउन पाउँदा विद्यार्थी दङ्ग थिए । फुड फेस्टिबलमा खानाका साथै विभिन्न मनोरञ्जनात्मक गतिविधि पनि विद्यार्थीले गरेका थिए ।

**थप तस्बिरहरू हेर्नका लागि स्क्यान गर्नुहोस् ।**



पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरूको रोजाइ: प्रतिभा मा.वि.

उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2
- SCIENCE
- MANAGEMENT
- HOTEL MANAGEMENT
qualityaustria SYSTEM CERTIFIED ISO 9001:2015 No.18859/0

पोखराको शैक्षिक सान: प्रतिभा मा.वि.

# Students' Voice...



**Abinaya Thapa** (XI B Science), School Topper, National Inventive, Kaski
I personally experienced the kind ambiance and committed faculties that operate the school. Students select courses that will prepare them for a practical profession. In Prativa, I've selected the Science (Computer) group. "IT CAN BE THE PLACE FOR YOU IF YOU ARE DEDICATED AND HARDWORKING."



**Anuska Acharya** (XI E Science), School Topper, Saraswoti Adarsha Vidhyashram, Kaski
I was looking for a +2 that would meet my expectations after the SEE result. I'm happy to say that PRATIVA school met my expectations. The foundation of this institution is its capable infrastructure and committed faculty. My development and ability to study have greatly benefited from the well-run computer lab and library. I'm always motivated by the teachers' ongoing advice. Thus, if anyone were to ask, I would confidently advise that you should pick PRATIVA.



**Ashok Regmi** (XI D Science), School Topper, Barahi Ma. Vi., Kaski
PRATIVA, where you are challenged to beget your better selves, where you study to learn and accept your struggling selves, where you learn to think and decide, where you interact with others so you realize what it is to be out in the world, and, where you learn what it is to be a person who is ready to face the future. It was my luck and my right decision to be the member of this highly prestigious academic institution.



**Mukesh Pangeni** (XI A Science), School Topper, Nilgiri Boarding School, Kaski
After the completion of SEE, the same question was striking in my mind while searching best +2 school for my higher studies. Finally after observing many schools, I decided to pursue my dream at PRATIVA. Reading, writing, and mutual interactions are the common things but good infrastructure and the complete package of effective learning are the key factors of this school. And I have no regrets regarding my decision. PRATIVA has given me everything, highly motivating and supporting learning environment along with excellent teaching facilities, great learning resources, and more practically focused learning to grab various opportunities.



**Anisha Dahal** (XI D Science) School Topper, Hemja Boarding School, Kaski
PRATIVA: the academic glory of Pokhara is a great place of achievement. I feel very proud of being part of it. It's a college with study friendly environment, strong management, professional teachers and well facilitated infrastructures. It has greatly paved the path of success in my education. I am thankful to teachers who reposed immense faith in me and constantly motivated me to materialize my dream.



**Ganesh Gaire,** (XI H Science), School Topper, Ganesh Ma.Vi., Balewa, Baglung
The education methodologies comprising of extreme knowledgeable and well experienced teachers, enthusiastic and competitive friends' circle has provided me the best learning experiences within a year. I am a proud Prativian and heartily welcome you all.



**Manoj Rimal** (XI H Science), School Topper, Nava Jagrit Secondary School, Parbat
PRATIVA is a place of learning, fun, literature and many such life coaching activities. Studying at PRATIVA brought an added value to my life. It gave me an opportunity to meet different kinds of people & learn numerous things. There are countless efforts from teachers to create a friendly environment and help students to get practical based knowledge, experiences and skills to make us better person every new day.



**Sochit Acharya** (XI A Management), School Topper, Pokhara Spiral Galaxy Academy, Kaski
"After having passed SEE, I chose to study management education unlike my friends who chose pure science. In the jungle of college, I found PRATIVA with its proven track record of unparallel and historical results in the Board Exams. Now, after studying a year at PRATIVA, I have realized that it is the best platform for the deserving students to pursue their dream.
I am proud of my choice.



**Aashika Chapai,** (XI D Science), School Topper, Bal Pratibha Boarding School, Sarangkot
I am extremely delighted to join my +2 studies here at PRATIVA as we are challenged to unlock our potential and hone our strengths and abilities. We are gaining the confidence to push ourselves towards new horizons. I strongly recommend PRATIVA for your better future.



**Ranju Hamal** (XI G Science) School Topper, Jyoti Sec. School, Syangja
"Having studied for a year at PRATIVA, I have realized that PRATIVA is the best platform for the deserving students to pursue their dream. I am proud of my choice."



**Anjan Poudel** (XI H Science), Prativa Entrance Topper, Motherland Sec. School, Pokhara
PRATIVA +2, for me, is the mosaic of discipline, excellent teachers and cooperative administration. Apart from this, it focuses more on interactive teaching/learning process and the practical implementation of learning. This has really developed my horizon of knowledge and thought and also has inspired the best inside me.



**Anjali Tamang** (XI B Management), GEF Secondary School, Kaski
PRATIVA, is ever a first priority of all for management studies in Pokhara. The college environment is revitalizing over all moments of learning due to active presence of highly renowned faculties. The executive team inspired to work in path finding spirit make us feel homely to dedicate for productive learning to enjoy prospective career.



**Prakriti Subedi** (XI E Science), School Topper, Prakash Ma. Vi. Beni, Myagdi
Being a part of PRATIVA +2 makes me really proud, and I heartily encourage everyone to enroll here to be a part of an unquestionably top-notch educational institution. The mission of PRATIVA has always been to support and mentor its pupils. The quality of education provided to the pupils using contemporary teaching techniques, as well as the desperately needed modern facilities and equipment, has really pleased me. As a result, I advise anyone who wishes to succeed in life to select PRATIVA for their bright future.



**Aashish Bhandari,** (XI E Science), School Topper, Bal Prabhat Sec. School, Kaski
It has been wonderful experience out here at PRATIVA to pursue my higher studies. It's quite incredible time for me to view life from different perspective being a part of this college. I am truly stunned at the commitments of its mission. I feel proud to be one of its members who is strongly envisioning to compete with the challenging world.



**Anjali B.K.** (XI H Science), School Topper, Panchamunidev Sec. School, Tanahun
Keeping academic excellence on top priority, PRATIVA always tries for the all-round development of students with the help of highly competent, experienced and dedicated faculties and staff through support of the guardians, students and community. Apart from the curricular activities, PRATIVA always tries to identify the problems of students and solve them timely. I feel pleased and assure the aspiring candidates that it is the best place to be groomed for achieving success in every step of your life.



**Anish Ranabhat** (XI E Science) School Topper, Sainik Aawasiya Mahavidhyala, Pokhara
I've had many opportunities to explore myself and learn from experience. Being a part of this school, it has showered me with many opportunities to elevate my leadership skills as well as my personality. Moreover, PRATIVA believes in holistic approach towards professional and personal growth of the students.



**Amrit Lamichhane** (XI E Science), Baglung District Topper among Government Schools, Shree Janamat Secondary School, Baglung
I found PRATIVA a perfect institution for Science course. Being a career oriented +2, it not only provides quality education but also gives opportunity for those who want to study well and pursue their aim and achieve more.



**Sristi Sharma,** (XI I Management), Janapriya Secondary School, Pokhara
PRATIVA definitely seems to be a better place for extroverted people who are willing to put themselves out their comfort zone and show initiative and innovative thinking. Academics are important, but success is not just about test scores or a GPA. You will be expected to demonstrate passion, creativity, leadership, and critical thinking here at PRATIVA.



**Purnima Paudel** (XI I Management), Narayani Ma. Vi., Kusma
The best thing about PRATIVA is that most people are very friendly and it is easy to make friends. The classes I have taken here have been very effective and fun filled and the teachers have been very helpful. The school environment is beautiful and motivating with strong and committed network of faculty members and supportive staffs.
I feel proud to join PRATIVA.



**Subina Bhandari** (XI G Science), School Topper, Golden Nature Sec. School, Lekhnath
While PRATIVA supports and encourages each person to pursue their own goals in a unique way, it has taught me to be tenacious, dedicated, and motivated to attaining my goals. The excellent foundation PRATIVA provides consistently results in exceptional pupils, which in turn empowers the country.

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरूको रोजाइ: प्रतिभा मा.वि.

उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2 - SCIENCE - MANAGEMENT - HOTEL MANAGEMENT
quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No.18859/0

पोखराको शैक्षिक सान: प्रतिभा मा.वि.

**शैक्षिक सत्र २०७८ मा मेडिकल, इन्जिनियरिङ, एग्रो, फरेस्ट्री, बि.बि.ए., सि.ए. लगायतका विषयहरुमा आफ्नो शैक्षिक यात्रा छात्रवृत्तिसहित अगाडि बढाइरहेका प्रतिभाका प्रतिभावान विद्यार्थीहरुलाई उच्च शैक्षिक सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।**



Kushal Lamichhane MBBS | Rahul Sharma MBBS | Rajan Kumar Jaishi MBBS | Anup Ghimire BE/B.Tech | Prabin Baral B.E./B.Arch | Sagar Rana B.E./B.Arch | Prajwol Aryal B.E./B.Arch | Uttam Neupane B.E./B.Arch | Sishir B. Khatri B.E./B.Arch | Rabi Pradhan B.E./B.Arch | Zenith Subedi B.E./B.Arch | Shishir Tiwari B.E./B.Arch



Sandesh Ghimire B.E./B.Arch | Tirtha S. Khadka B.E./B.Arch | Aman Shrestha B.E./B.Arch | Sundar Paudel B.E./B.Arch | Pravesh Karki B.E./B.Arch | Rupesh Pariyar B.E./B.Arch | Anish Kandel B.E./B.Arch | Anil Paudel Chhetri B.E./B.Arch | Rabiraj Acharya B.E./B.Arch | Yaman Adhikari B.E./B.Arch | Anubhuti Ghimire B.E./B.Arch | Nischal Acharya B.E./B.Arch



Sujan Tiwari B.E./B.Arch | Sulav Acharya B.E./B.Arch | Sadikshya Banstola B.E./B.Arch | Saloni Pradhan B.E./B.Arch | Aseem Rimal B.E./B.Arch | Gaurab Pun B.E./B.Arch | Bhumika Chhumi B.E./B.Arch | Nitesh Acharya B.E./B.Arch | Bidhan Sherchan B.E./B.Arch | Prasamsha Dahal B.E./B.Arch | Anisha Regmi B.E./B.Arch | Rosy Bhandari B.E./B.Arch



Nischal Bohora B.Sc. CSIT | Prabin Gurung B.Sc. CSIT | Sonika Rawal B.Sc. CSIT | Bipin Gurung B.Sc. CSIT | Nikesh Thapa B.Sc. CSIT | Prapti Gurung B.Sc. CSIT | Manish Pokhrel B.Sc. CSIT | Pratik Rai B.Tech | Ashish Chhetri B.E./B.Arch | Ranjit Kumar Das B.E./B.Arch | Safal Acharya B.E./B.Arch | Bishal Bhattarai B.E./B.Arch



Deepa Rana B.E./B.Arch | Prajwal Banstola B.E./B.Arch | Roshan Gautam B.E./B.Arch | Rohit Chhetri B.E./B.Arch | Mahima Kafle B.Sc. Ag. | Susan Gurung B.Sc. Ag. | Binisha Baraili B.Sc. Ag. | Kenisha Karki B.Sc. Ag. | Dikshya Acharya B.Sc. Ag. | Subekshya Sharma B.Sc. Ag. | Sushmita Khadka B.Sc. Forestry | Swastika Sharma B.Sc. Forestry



Supriya Malla CA | Roshani Sharma CA | Dipesh Lamichhane CA | Siddhartha Pathak CA | Sumi Shahi Thakuri CA | Ashok Sanjyal CA | Ichchha Rai CA | Dipti Rajbanshi CA | Sachita Neupane CA | Simran Thapa CA | Tisha Napit CA | Sujal Shrestha CA



Aakash Sharma BBA | Aashish Banstola BBA | Abinash Poudel BBA | Abisha Ale BBA | Alisha Karki BBA | Amit Bhandari BBA | Jasmita Gurung BBA | Archana Thapa BBA | Babita Adhikari BBA | Barsha Khatri BBA | BIkash Neupane BBA | Binita Khatri BBA



Bishal Kafle BBA | Dikshita Gurung BBA | Hridayash Regmi BBA | Kalpana Bhandari BBA | Kritagya Marasani BBA | Manita Gurung BBA | Neha Magar BBA | Nischal Roka BBA | Pramila BK BBA | Pramisha T. Magar BBA | Kritika Pathak BBA | Rebika Palikhe BBA



Sulav Shilpakar BBA | Bishwash K. Goyal BBA | Aayush Parajuli BBA | Ashim Paudel BBA | Anisha Panthi BBA | Suppose Sharma BBA | Dipesh P. Sharma BBA | Pratikshya KC BBA | Rasmita Gurung BBA | Rochit Gurung BBA | Rozi Sai BBA | Sabita Pariyar BBA



Sarad Timilisina BBA | Shaheen Khatun BBA | Sima KC BBA | Sukriti Adhikari BBA | Dikshya Gurung BBA | Susmita Sunar BBA | Krisha Gurung BHM | Preety Purja Pun BHM | Anjeeta Gurung BCIS | Tenjin Tsepal BCIS

पोखरामा सबैभन्दा धेरै र सर्वोत्कृष्ट विद्यार्थीहरुको रोजाइ: प्रतिभा मा.वि.

उत्कृष्टताको परिचायक
PRATIVA SECONDARY SCHOOL
+2 - SCIENCE - MANAGEMENT - HOTEL MANAGEMENT

पोखराको शैक्षिक सान: प्रतिभा मा.वि.

## प्रतिभाका ४ विद्यार्थी एमबिबिएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल

आर्थिक आवाजद्वारा २६ श्रावण २०७८, मङ्गलबार १४:२१ मा प्रकाशित

पोखराको नदीपुरस्थित प्रतिभा मा.वि.का ४ विद्यार्थीले चिकित्सा शास्त्र अध्ययन गर्नका लागि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका छन् ।



SANGAM SUBEDI – Full Scholarship – MBBS
RAJAN DEVKOTA – Full Scholarship – MBBS
DIPESH K. MANDAL – Full Scholarship – MBBS
AAYASA THAPA – Full Scholarship – MBBS

मेडिकल साइन्सअन्तर्गत एमबिबिएस अध्ययन गर्नका लागि चिकित्सा शिक्षा आयोग (एमइसी) ले लिएको प्रवेश परीक्षामा तीन विद्यार्थीले लाखौँको शुल्क पूर्ण रूपमा छुट हुने गरी नाम निकाल्न सफल भएका हुन् ।

संगम सुवेदी, राजन देवकोटा, दिपेश के. मण्डल र आयशा थापाले पूर्ण छात्रवृत्तिमा नाम निकालेका छन् । ११ हजार बढी विद्यार्थी एमबिबिएसका लागि प्रवेश परीक्षामा सहभागी थिए । जसमध्ये ४३ सय बढी विद्यार्थीहरूले एमबिबिएस प्रवेश परीक्षा उत्तीर्ण गरे । मेधावी विद्यार्थीहरूमध्येमा पूर्ण छात्रवृत्ति पाउनेमध्ये प्रतिभाकै ४ जना विद्यार्थी परेका हुन् । विद्यालयको वर्षैपिच्छेको उत्साहजनक नतिजाले प्रतिभा मा.वि. हौसिएको छ । २०७५ मा प्रतिभाकै विद्यार्थी जेएन मिलन काठमाडौं युनिर्भसिटीमा एमबिबिएस इन्ट्रान्स टपर हुन् ।

## इन्जिनियरिङ, कृषि र वनविज्ञानमा पनि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल

यसैगरी प्रतिभाकै विद्यार्थीहरूले कृषि र वन विज्ञानतर्फ पनि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका छन् । राजन आचार्यले वन विज्ञान अध्ययन संस्थानमा गण्डकी प्रदेश मै टपर बन्दै पूर्ण छात्रवृत्ति पाएका छन् ।

प्रशान्त देवकोटा, प्रिजा सिग्देल, रितिशा बसेल, प्रजना पौडेलले फरेस्ट्री पढ्न पूर्ण छात्रवृत्ति पाएका छन् । बिएससी एग्रिकल्चरमा प्रदीप नेवार, एलिसा लामिछाने, प्रतिक्षा कुँवरले पनि पूर्ण छात्रवृत्ति पाएका छन् ।



RAJAN ACHARYA – *Gandaki Province Topper, Rank: 4* – IOF, POKHARA
PRASAHANT DEVKOTA – *Rank: 62* – IOF, POKHARA
PRIZA SIGDEL – *Rank: 97* – IOF, POKHARA
REETISHA BASEL – *Rank: 118* – IOF, POKHARA



PRAJNAA POUDEL – *Rank: 273* – IOF, POKHARA
PRADIP NEWAR – *Rank: 138* – B.Sc. Ag., AFU, Rampur
ALISHA LAMICHHANE – *Rank: 174* – B.Sc. Ag., CNRM, Puranchaur
PRATIKSHYA KUNWAR – *Rank: 439* – B.Sc. Ag., AFU, BANKE

साथै यसै विद्यालयका विद्यार्थीहरूले इन्जिनियरिङतर्फ पनि पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएका छन् । जसमध्ये दिनेश छन्त्याल, रोशन थापा, दिपेन खत्री, रोशन सुवेदी, प्रतीक के.सी., सक्षम पौडेल, प्रशान्त शर्मा, प्रविण रेग्मी, दिक्षा सापकोटा, वर्षा के.सी., सोनिया शर्मा, परमेश्वर अधिकारी र सुशील तिवारीले पूर्ण छात्रवृत्ति प्राप्त गर्न सफल भएका छन् ।



DINESH CHHANTYAL – Full Scholarship, IOE
ROSHAN THAPA – Full Scholarship, IOE
DIPEN KHATRI – Full Scholarship, IOE
ROSHAN SUBEDI – Full Scholarship, IOE



PRATIK KC – Full Scholarship, IOE
SAKSHYAM POUDEL – Full Scholarship, IOE
PRASHANT SHARMA – Full Scholarship, IOE
PRABIN REGMI – Full Scholarship, IOE



DISKSHYA SAPKOTA – Full Scholarship, IOE
BARSHA KC – Full Scholarship, IOE
SONIYA SHARMA – Full Scholarship, IOE
PRAMESHWAR ADHIKARI – Full Scholarship, IOE
SUSHIL TIWARI – Full Scholarship, IOE

पोखरा नदीपुरस्थित प्रतिभा माध्यमिक विद्यालयको नाम शिक्षा क्षेत्रमा मुलुककै अग्रणी विद्यालयका रूपमा आउँछ, कारण यहाँका विद्यार्थीले प्राप्त गरेको नतिजा । उसो त गुणस्तर मापन आइएसओ प्राप्त विद्यालय नै हो प्रतिभा । यस्तै सामाजिक तथा खेलकुद क्षेत्रमा पनि प्रतिभा मा.वि.ले आफूलाई यहाँ अग्रणी विद्यालयको रूपमा उभ्याएको छ ।

विद्यार्थी तथा खेलाडीहरूको मनोबल उच्च बनाउन, बालबालिकाका प्रतिभालाई प्रस्फुटन गर्न विद्यालयले आर्थिक सहयोगसमेत गर्दै आएको छ । सन्दीप लामिछाने र अरुणा शाही जस्ता प्रतिभालाई नगद एक लाखले सम्मान गरेको विद्यालयले मुलुकभरमै २०७५ को कक्षा १२ को परीक्षामा सर्वोत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यार्थी सुरती पाण्डेलाई समेत एकमुष्ट डेढ लाख बढीले सम्मान गरेको थियो । मानवीय विपदमा समेत प्रतिभा अगाडि देखिएको छ । म्याग्दी जिल्लाका बाढी पहिरो पीडितलाई प्रतिभाले आर्थिक सहयोगसमेत प्रदान गरेको थियो ।

# Congratulations!
# PRATIVA RATNA

## Outstanding Academic Excellence Awardees in Grade XII Board Exams



पुरण गुरुङ – प्रतिभा रत्न-२०७५
सुरती पाण्डे – प्रतिभा रत्न-२०७६
सरहाना श्रेष्ठ – प्रतिभा रत्न-२०७६
प्रमेश्वर अधिकारी – प्रतिभा रत्न-२०७७



एन्जिला बडगामी – प्रतिभा रत्न-२०७७
सुप्रिया मल्ल – प्रतिभा रत्न-२०७८
सिम्रन थापा – प्रतिभा रत्न-२०७८
रिदेश पोखरेल – प्रतिभा रत्न-२०७९
स्वस्तिका पराजुली – प्रतिभा रत्न-२०७९

# Congratulations!
# CMAT ENTRANCE CRACKERS - 2079

BBA Program २०७९/८० को भर्नाका लागि मिति २०७९ भाद्र ३० गते त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन सङ्काय, डिनको कार्यालय, कीर्तिपुर, काठमाडौंद्वारा सञ्चालित प्रवेश परीक्षा (CMAT) मा उत्तीर्ण यस विद्यालयका मेधावी विद्यार्थीहरूलाई हार्दिक बधाईसहित उज्ज्वल भविष्यको कामना गर्दछौँ ।



JAMUNA MANANDHAR (PNC: Scholarship) (1st RANK, BBA, JMC)
NISCHAL POKHREL (5th Rank, BBA, PNC)
PRABIN BIKRAM RANA (6th Rank, BBA, PNC)
ANJANA ADHIKARI (8th Rank, BBA, PNC)
ROSNA THAPA (10th Rank, BBA, PNC)



KANCHAN SHRESTHA (11th Rank, BBA, PNC)
SANJU GURUNG (13th Rank, BBA, PNC)
BINITA CHHETRI (15th Rank, BBA, PNC)
AAKRITI GAUTAM (20th Rank, BBA, PNC)
SUNITA SAPKOTA (21st Rank, BBA, PNC)



NIRVIK BUDDHACHARYA (30th Rank, BBA, PNC)
SUBINA POUDEL (28th Rank, BBA, JMC)
PUNAM ROKKA (34th Rank, BBA, PNC)
SUSMITA SUNAR (35th Rank, BBA, PNC)
KHUSBU SUBEDI (40th Rank, BBA, PNC)



SHRUTI GURUNG (23rd Rank, BBA, JMC)
MADHU SUDAN BHATTARAI (56th Rank, BBA, JMC)
SUMIT TAMANG (76th RANK, BBA, PNC)
SAMA SHAHI (80th Rank, BBA, PNC)
ASMITA POUDEL (98th Rank, BBA, PNC)



SNOJAL RAUT (45th Rank, BBA, JMC)
MAMATA POKHREL (22nd Rank, BIM, JMC)
MINAL KUMAR SHRESTHA (30th Rank, BIM, JMC)